# पाल्हीनन्दन गाउँपालिका
## Palhinandan Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कुश्मा,नवलपरासी(ब.सु.प.),लुम्बिनी प्रदेश,नेपाल

Kushma, Nawalparasi (Ba.Su.Pa.), Lumbini pradesh, Nepal


पत्र संख्याः०७९/८०
च.न.:

मितिः२०८०/०४/२३

**पाल्हीनन्दन गाउँपालिका,कुश्मा,नवलपरासीको सार्वजनिक खरिद ऐन,२०६३को दफा ६ (क) बमोजिमको मौजुदा सूची सम्बन्धी सूचना ।।।**

यस गाउँपालिकामा आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३० को उपदफा (६) दफा (४१) को उपदफा (१) को खण्ड (क) र दफा (४६) बमोजिम गरिने खरिद कार्यको लागि सोही ऐनको दफा ६ (क) र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १८ बमोजिम मौजुदा सूची तयार गर्न देहाय अनुसारका विभिन्न प्रकृतिका वस्तु र सेवाको आपूर्ति गर्न चाहने आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकहरुलाई सार्वजनिक खरिद नियमावली अनुसूची-२ (क) बमोजिमको ढाँचामा तपसिलमा उल्लेखित कागजात सहित गाउँपालिकाको कार्यालयमा निवेदन दर्ता गराउन हुन अनुरोध छ। एक भन्दा बढी प्रकृतिका वस्तु वा सेवाको आपुर्ति गर्ने भएमा विषयगत रुपमा छुट्टछुट्टै निवेदन दिनु पर्नेछ। रीत नपुगेको वा आवश्यक कागजात संलग्न नगरिएको निवेदनलाई मान्यता दिइनेछैन। प्राप्त भएका निवेदनहरु मौजुसदा सूचीकृत गर्ने वा नगर्ने अधिकार गाउँपालिकाको कार्यालयमा सुरक्षित हुनेछ।

**क) खरिद तथा आपुर्ति**

- मसलन्द तथा कार्यालय सामानहरु
- कम्प्युटर,प्रिन्टर,फोटोकपी,इलेक्ट्रोनिक सामान/पार्टपुर्जा/टोनर/मसी
- ईलेक्ट्रिकल सामानहरु
- छपाई सम्बन्धी कार्य
- पुस्तक
- फर्निचर तथा फर्निसिङ्ग
- विज्ञापन/सूचना प्रकाशन
- सवारी साधन भाडामा उपलब्ध गराउने
- औषधी खरिद/मेडिकल सामानहरु
- कृषि जन्य औजार,उपकरणहरु तथा औषधीहरु
- कृषिजन्य विउविजन तथा बोट बिरुवाहरु
- पशु,चौपाया तथा उपकरणहरु
- लघु उद्यम सम्बन्धी उपकरण

कृष्ण प्रसाद तिमिल्सिना
प्रमुख प्रशासकीय अधिकृत

- इन्जिनियरिङ उपकरण तथा औजारहरु

ख.**मर्मत**

- कम्प्युटर, फोटोकपी,जे नेरेटर लगायत इलेक्ट्रोनिकल सामानहरु
- दराज, कुर्सी, टेबल एंवम फर्निचर सम्बन्धी सामानहरु
- सोलार, सोलार ब्याट्री, इन्भर्टर

ग.**सेवा र परामर्शा तर्फ**

- तालिम
- डीपिआर निर्माण
- वातावरणीय अध्ययन
- अध्ययन,अनुसन्धान
- पर्यटकीय इन्जिनियरिङ,म्यापिङ्ग तथा नक्सांकन
- अन्य परामर्श सेवाहरु

**निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः**

१.फर्म वा संस्था दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि
२.स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
३.मू.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि
४.आ.व.२०७९/८०को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
५.व्यवसायिक इजाजत पत्रको प्रतिलिपि
६.प्रचलित कानुनी व्यवस्था बमोजिम अयोग्य नरहेको वा कालो सूचीमा नपरेको व्यहोरा खुलाईएको निवेदन।

(कृष्ण प्रसाद सिसिल्सिना)
प्रमुख प्रशासकीय अधिकृत
कृष्ण प्रसाद सिसिल्सिना
प्रमुख प्रशासकीय अधिकृत